खडक नगरपालिका

☎ ०३१-५४००५४

# नगर कार्यपालिकाको कार्यालय

कल्याणपुर, सप्तरी

मधेश प्रदेश

पत्र संख्या: २०७८/७९

चलानी नं.: १६३२

मिति:२०७८।११।०५

**विषय :- न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने वारे सूचना ।**

प्रस्तुत विषयमा रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ को दफा १८ बमोजिम आगामी आ.व. २०७९/०८० का लागि न्युनतम १०० दिनको राजगारीमा संलग्न हुन चाहने आर्थिक र सामाजिक अवसरबाट बञ्चित १८ देखि ५९ बर्ष समुहका बेरोजगार व्यक्तिहरुले आफ्नो स्थाई बसोबास भएको वडा कार्यालयमा गई २०७८ साल फाल्गुन मसान्त भित्र निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ । साथै निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालय, रोजगार सेवा केन्द्र तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट www.pmep.gov.np बाट प्राप्त गर्न सकिने छ । बेरोजगार व्यक्तिले निवेदन दिँदा तपशिल बमोजिमको विवरण अनिवार्य रुपमा पेश गर्नुहुन अनुरोध छ ।

तपशिल :

१) निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको नागरिकता वा जन्मदर्ताको प्रतिलिपि १ थान

२) निवेदकको पासपोर्ट आकारको फोटो १ थान

३) निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको नाम, जन्ममिति, नागरिकता नं. जारी जिल्ला, जारी मिति, सम्पर्क नं., वार्षिक पारिवारिक आय अनिवार्य उल्लेख गर्नु पर्नेछ ।

४) सम्बन्धित वडाको स्थायी बसोबास खुल्ने आवश्यक कागजातको प्रतिलिपि ।

५) निवेदनमा उल्लेखित विवरण अनिवार्य रुपमा भरेको र वडा कार्यालयबाट प्रमाणित गरी दर्ता गर्नु पर्नेछ ।

बोधार्थ :

१) श्री वडा कार्यालय (सवै) आवश्यक समन्वय तथा सहकार्य गरि दिनु हुन ।

२) श्री सुचना प्रविधि शाखा, वेवसाईटमा अपलोड गरि दिनु हुन ।

प्रकाश चौधरी
रोजगार संयोजक

कुन्दन कुमार कर्ण
प्रमुख प्रशासकीय अधिकृत